## जनक कुमारी चौधरी(टीकापुर)

जनक कुमारी जि धन्यवाद । हामी अब तपाईंको बारेमा सुन्न चाहन्छौं । कस्तो थियो तपाईंको बाल्यकाल तपाई कहाँ जन्मिनु भयो ? कसरी हुर्कनु भयो ? कस्तो दिनमा हुर्किनु भयो ? त्यसको बारेमा हामीलाई भनिदिनुस् न ।

कहाँबाट सुरु गरम ? म जनक कुमारी चौधरी र मेरो घर अहिले चाहिँ टिकापुर नगरपालिका वडा पाँचमा पर्छ । म चाहिँ जन्मेकोआजकल धनगढी उपमहा नगरपालिका पहिला धनगढी नगरपालिका थियो । जन्मेको धनगढी उपमहा नगरपालिकामा हो । हामी पाँचवटा बहिनी हौं । एउटामात्र दाई हो । जीवन भन्दा खेरी जीवनकाल भन्दाखेरी ठिकै चल्यो । बुवाआमाले अर्काको जग्गा जोतेर पनि छोरीहरुलाई पढाएका हुन् । अनि दाईले भने पढ्थ्यो । पाँच वटा छोरी एउटा दिदी बाहेक सबैलाई पढाउनु भएको हो । दिदी चाहिँ पहिला स्कुल टाढा थियो । दाईले लग्न मन त्यति नगर्ने । त्यही भएर दिदीलाई पढाउनु भएन । दिदि गएन आफैं । अरु हामी सबैले अलिअलि पढ्यौं । ठिकै थियो बुवाआमाले चाहिँ अर्काको खेत जोतेर भएपनि पढाए सबैलाई । आजकल त्यस्तो अवस्था छैन त्यहाँ घरको पनि खेत जोति रहनु पर्ने अर्काको अब आफ्नै भइसकेको छ । अहिले चाहिँ राम्रै छ । बुवाआमाको concept चाहिँ कि के थियो भने हाम्रो जहिले पनि छोरीहरुलाई चाहिँ पढाउनै पर्छ भनेर त्यो concept मा बुवा आमाले पढाउनु भयो सबैलाई अहिले भन्दा भदैनी पनि राम्रै पढ्छ पढीराछन्

कस्तो थियो त तपाई अनि तपाई पनि समाजमा बस्नुहुन्थ्यो होइन ? त्यो वरिपरि सबै थारु नै थारु गाउँमा मात्र बस्नु भयो कि ? मिश्रित समाजमा बस्नु भयो कि ? कस्तो खालको समाजमा बस्नुभयो ? त्यसले तपाईंलाई तपाईंको विकासलाई के फरक पर्यो कि त्यो कुराहरु पनि भन्दिनुस् न ।

एकदम फरक पर्छ । त्यो मिश्रित समाजमा बसेपछि विकासलाई एकदम फरक पर्छ । हामी थारु गाउमा ँ थियौ धनगढी नगरपालिका वडा नम्बर तीन बडरा भन्ने गाउँमा जन्मिएको । जन्मिनलाई थारु गाउँ हो तर थारु गाउ empower देखि अलि टाढा थियो । हामी सडक भन्दा अलि नजिकै थियौ मेन रोडको छेउमै थियो । त्यहाँ निर कम्तिमा पनि १२ घर जति होलान त्यहाँ मिश्रित समुदाय थियो । नेवारहरु थिए बाहुनहरु धेरै थिए । धेरै बाहुन र नेवारहरूको समाजमा हुर्किए म। अब नेवारहरूको धेरै संस्कार देखेम । अब बाहुनहरुले सबैले छोराछोरीलाई पढाउँदा रहेछन्। त्यो हिसाबले पनि बुवा आमालाई पढाउनुपर्छ भन्ने लागेको थियो होला । मिश्रित समाज थियो । गाउँ त ठूलै थारूहरूको तर गाउँ भित्र हाम्रो घर थिएन अलि अगाडि नै थियो । यहाँ त्यति धेरै थारुहरुको घर थिएन १२-१४ घर भन्दा धेरै थिएनौं हामी ।

अनि त्यसका पछाडि तपाईहरु चाहिँ तपाईंको बुवाहरु हैन सबैजना त्यै कैलालीबाटै आउनुभयो कि ? किनभने हामीले जति पनि भेट्यौं Document गर्यौं योभन्दा अगाडि उहाँहरु धेरै जनाले चाहिँ हाम्रो

दाङबाट फुपूहरु बुवाहरुँ दाङबाट आउनुभो भन्ने खाले कुरा गर्नुभो । तपाईंहरूको चाहिँ कहाँबाट आउनुभएको थियो ? त्यहीँ हुनुहुन्थ्यो तपाईलाई थाहा छ ?

त्यो त बुवाआमा चाहिँ दाङ बाटै आउनु भएको हो । हाम्रो सबै दाईभाई दिदीबहिनी त्यहीँ जन्मेको हो । दाङबाटै नै आएको अब दमौर थारु भन्छ । थारूहरूको इतिहास हेर्दा पनि दाङबाट नै उत्पत्ति देखिन्छ । हैन यसरी टाढाबाट हेर्ने हो भने भारतको थार मरुभूमि राजस्थान भन्छ हैन ? त्यहीँ भएर थारूहरूको थार मरुभूमिबाट थारु आइपुगेको भन्ने मैले कता देखेँ थेँ । कुनै किताब पढ्दा खेरी होला सायद त्यो पनि हुनसक्छ । अर्को किताबमा के पनि देखेथे थारुहरु सोझो हुन्छन् किन भन्दा रहेछन् यिनीहरु गौतम बुद्धका सन्तान रहेछन् । भनेर पनि कता मैले एउटा किताबमा पढेथेँ । कुन writer हो ठ्याक्क नाम चाहिँ भएन। हैन ? त्यतिबेला पढको थिए यिनीहरु किन सोझा हुँदा रहेछन् ? किन न बोल्दारहेछन् ? आफ्ना लागि भनेर त्यहाँ चाहिँ मैले देखेका थिए ।

अनि दाङबाट यहाँ आउनुको परिवेशहरु को बारेमा तपाईहरुलाई केही भन्नुभएको थियो होला नि त बच्चा हुँदाखेरि ? किन आउनु भो ? कस्तो परिवेशमा आउनुभो भन्ने अलिकति हामीलाई भन्नुस न त्यसको बारेमा ।

त्यति थाहा पाउँदिन । बुवा आमासँग त्यति खै कुराकानी गरिँदैनथ्यो कि ? के गरिन्थ्यो त्यति थाहा पाउँदिन तै पनि मामाहरु यहाँ आइसकेपछि । हाम्रो हजुरआमा मामाघरको हजुरआमाहरु यता आइसकेपछि त्यसपछि सायद छोरीलाई ल्याउनु भएको होला । अनि छोरी ज्वाईलाई ल्याएर एतै काम गराउनु भएको होला जस्तो लाग्छ । त्यति राम्ररी चाहिँ थाहा छैन मलाई त फेरि । त्यहाँबाट आएर पनि आफै नै धेरै वर्ष कमैया बस्नुभएको थियो रे बुवा आमा भन्नुहुन्थ्यो हामीचाहिँ कमैया बसेर तिमीहरुलाई पढायौँ । यो गर्यौं त्यो आधारबाट मात्र भनेको हो । तर कमैया बसेको महिले चाहिँ देखेन

तपाईं ठूलो हुने क्रममा उहाँहरु चाहिँ कमैया हुनुहुन्थेन ?

हाम्रो घरबार सबै थियो आफ्नै थियो। आफ्नै थियो?

आमाहरुले भन्नुहुन्थ्यो तिमीलाई पढाउँदा पढेनौं । हैन रिसाउनु हुन्थ्यो हामी नपढेपछि तिमीहरु पढ्दैनौ् । हामी जस्तै कमैया बस्नु परे तिमीहरूको के हुन्थ्यो ? हामी अर्काको घरमा यसरी काम गरेम डोको बोकेर यहाँबाट पसिना यहाँ खुट्टा सम्म पुग्थ्यो भनेर बुवाले बेलाबेलामा empower को बारेमा सम्झाई राख्नुहुन्थ्यो राम्ररी पढ पढ भनेर । त्यो अलि थाहा पाउँछु ।

अनि तपाईंले empower भनेपछि एउटा कमैयाहरु बस्ने समुदाय देख्नुभएन पहिले पनि अरुहरु समुदायहरुमा देख्नुभएको होला नि ?

कमैया बस्ने हाम्रो समुदायमा त म  जन्मिनु भन्दा पहिले नै कमैया मुक्त भइसकेका थियो रहेछन् । हैन ? म हुँदाखेरि त मेरो बुवाआमाको दश कट्ठा आफ्नै जग्गा भइसकेको थियो । आफ्नो घर भै सकेकोथियो । मैले देखिन त्यो कमैया । कमैया आफ्नो घरको देखिएन । तर कमैया बस्तीको चाहिँ देखेको छु मैले ।

अनि त्यो कमैया बस्तीको परिवेश पृष्ठभूमिहरु त्यो बारेमा चाहिँ तपाईंलाई केही थाहा छैन ?

त्यति थाहा छैन सर मलाई त्यो त । त्यति केयर पनि गरिएन अब बुवाआमा पहिला मुक्त भइसक्नु भएको थियो । म जन्मिएको थियो होला तर बुझ्ने थिएन । के हो कसो यो कमैया के हो कसो हो खाना लाउन पाए त्यतिमै खुशी।

अनि त्यसपछाडि अब भन्दै जानुन अहिलेसम्म तपाई यहाँसम्म आइपुग्नुभा छ हैन ?अब अहिलेचाहिँ नगर सदस्यमा हुनुहुन्छ तपाई हैन ? त्यस सम्म आइपुग्दा तपाईंको यात्रा कस्तो भयो? किन यहाँसम्म आए पुग्न तपाईलाई सदस्य हुन किन आवश्यक छ भन्नुभयो हैन ? भन्दै जानु न आफ्नै हिसाबले भन्नुभयो हुन्छ।

ए त्यहाँसम्म आउँदा  यो पहिला यो अधिकारमा पनि मैले काम गरेँ हैन सर ? यो फाइ नेपाल भन्ने संस्थाबाट पैरवी मञ्च महिला पैरबी मञ्च भन्ने चलाउँथ्यो हैन ? उसले सा empower नो सानो किताबहरु महिला empower गर्ने । खुप बाडिरख्थ्यो। त्योमा मैले हप्ताको दुई वटा class जति चलाउँथे। अनि त्यहाँ चाहिँ सबै महिला अधिकारको बारेमा  त्यो किताब भरी लेखिएको हुन्थ्यो। त्यही कुरा तिनीहरूलाई सिकाउनुपर्ने । त्यो कुरा सिकाउन को लागि आफुले जान्नै पर्ने रहेछ त्यो।  त्यो नजानेर तिनीहरूलाई के सिकाउने ? अनि त्यो किताब पढ्थेँ । पढिसकेपछि  ए यो पनि गर्नु पर्दोरहेछ ए यस्तोपनि रहेछ भन्ने थाहा पाइसकेपछि अलिकति ए महिला अधिकार यति धेरै रहेछ है ! महिलालाई यस्ता नि गर्दा रहेछन । यो त यहाँ लेखेकै रहेछ । यो त हैन रहेछन त महिलालाई त केही छ भने थाहा पाएर अनि अब यहाँ आए त्यसपछि त्यहाँ त त्यति  गरे। धनगढी बस्दा त जागिरै हो भन्नुपर्यो त्यो । हप्ताको दुई दिन class महिनामा सातदिन पढाउँथ्यो । त्यो मा महिला empower को बारेमा लेखेर भन्नुपर्ने त्यही जानेर अब  त्यही हुँदाहुँदा त्यसपछि मान्छेले ए तिमी पनि यहाँ आउन तिमीले त यो गर्या थियो नि । यो  महिला empower सम्बन्धी काम गर्याथ्यो नी। तिमी यहाँ आउन भन्दाखेरी अब नजान पनि मिलेन मैले त त्योमा काम गरेको छु । तिमीले त केही जानेका छ नि यो बारेमा बोल्न सक्छौ नि भनेपछि अब त्यो जान्या कुरा बोल्न त अप्ठ्यारो भएन। लौ मैले यति जानेको छु बरु बोल्नु छ भने बोलौउला भनेर भन्थे हैन ? अनि त्यसै क्रममा अझ एउटा शिक्षा प्रोग्राममा पनि महिला फोकस थियो त्योमा । छात्राहरुलाई प्राय थ्यो ।

अनि ?

अनि त्यो छात्राहरुलाई  यस्तो सेनिटरी प्याडहरु अब त छात्राहरु  स्कुलमा पढ्न आयो भने मिन्स भैदिने हैन ? अनि गाह्रो भयो तिनीहरुलाई । तिनिहरूको एकदिनको लस्ट हुनेभयो । अझै हाम्रो थारु समुदायमा

नहोला गैर थारुमा  चाहिँ त्यो छ ।महिलाहरु अब त्यो छोरीहरु मिन्स भयोभने किताब छुन दिन्न हैन किताब छोएन भने उ त छोरा भन्दा त धेरै पछि पर्यो नि । एक महिनामा सातदिन दिएन भने  बाह्र महिनामा बाह्र सात कति भयो त्यति दिन भयो । उनले ल बाह्रैमहिना  नपढ्लान् नौ महिना त पढ्छ नि । नौ साता छपन्न  दिन त त्यसै गयो नि । छोरा को तुलनामा त कमजोर नै हुने भयो भने उसले छपन्न दिन पढ्दैन वार्षिक रुपमा भनेपछि उ कम हुन्छ । अनि  छोरीलाई अर्को के छ भनेपछि छोरोलाई मजाले पढ् छोरो  पढ् छोरो भन्छन् । छोरीलाई जा छोरि यो लिएर आईज जा छोरी यो काम गर भन्छन् हैन ? अनि त्यस्ता पनि जनचेतनाहरु जगाएर ल है छोरी पनि छोरा जस्तै हुन् । यिनीहरुलाई पनि यस्तो गर्नुपर्छ । अनि छोरीहरु स्कुलमा मिन्स भयो भने उसले  घर गईहाल्नु पर्ने  । अनि स्कुलमै व्यवस्था भएको भये उसले एक घन्टीमा भयो भने सात घन्टी हुन्छ दिनभरीको पढाई छ घन्टी त उसले पढ्न पायो नि हैन ? त्यस्तै एउटा प्रोग्राम अन्तर्गत सेनिटरी प्याड स्याड दिँदाखेरि ए धेरै गाह्रो हुँदोरहेछ । किन महिला पछि परे त सबै ठाउँमा रोक्दा रहेछन् । धर्मले रोक्छ कहिले कहिले नेतृत्व तहले रोक्छ । कुनै ठाउँको अध्यक्ष पनि ए छोरीले सक्छ महिलाले सक्छ भन्ने कुरा धेरै गर्छन् क्या । अनि त्यो छोराले गर्नसक्ने कुरा छोरीले गर्न सक्दैन र ? हुन्न र ? तपाई ठाउँ त दिनु गर्छ कि गर्दैन । अनि पहिला त छोरी  पढाउँदैन थिए । आजकल छोरी पढेर अझै कति धेरै भाछन त राम्रै गरेका छन् छोरीले भनेपछि त्यहाँ नि र अलिकति (डिस्टर्ब)

सबै भन्न जान्दिन हैन सर सोध्नु अनि मैले थाहा पाउँछु सोध्नु होला है सर म त्यति थाहा पाउँदिन । त्यही भएर महिलाले नेतृत्वतहमा आउनु पर्छ जस्तो लाग्छ क्या ।

यो थारु कल्याण कल्याणी सभा हैन ? यसको बारेमा भन्नु न त । किन यो आवश्यक देख्नुहुन्छ तपाईंले तपाईलाई  यसको मुद्दाहरु सवालहरु केके हुन हैन ? के-के छ  मुद्दाहरू चाहिँ तपाईंलाई चाहिँ महत्वपूर्ण छ त हैन ? भन्ने लागिराख empowerको छ अहिलेको अवस्थामा अहिलेको राजनीति सामाजिक जुन परिवेश छ जुन नेपालको त्यसमा चाहिँ तपाईले कहाँ देख्नुभएको छ ? यसलाई आफूलाई कहाँ देख्नु हुन्छ यसको होइन ? ती मुद्दाहरूको  बिचमा आफ्नो समुदायमा हैन ? अलिकति त्यसको बारेमा भनिदिनुस् न ।  कलाकार mixकहाँबाट सुरु भयो यो यात्रा कसरी सुरु गर्नुभयो ?

यो थारु कल्याण कल्याणी सभामा कस्तो भयो हैन सर ? यो पहिला नाम पहिल्यैदेखि  यो सुनेथें । यसले यो भन्दा अगाडि यसको भवन थियो भवन भइसकेपछि गरिब थारुका बच्चाहरुलाई जो पढ्न लागेका थिए नि तिनीहरु अब टाढाबाट  पढ्न आउँछन  जस्तै यहाँबाट बर्दियाका मान्छे पनि  पढ्न आउँछन् टीकापुरमै आउँछन् टाढाटाढा पथलैया  पारिका मान्छे  पढ्न आउँछन् । पढ्न आएपछि अनि यिनीहरुले डेरामा बस्नु पर्ने हुन्थ्यो  । डेरामा बस्नुपर्ने बाध्यता यसले थोरै रकम  पचास रुपैयाँ सय रुपैयाँ  लिएर ति बच्चाहरुलाई  बसाउँथ्यो के  त्यहाँ बसाउँथ्यो अनि तिनीहरु त्यहाँ नजिक  क्याम्पस हुन्थ्यो  त्यहाँ पढ्न  जान्थ्यो । यो संस्था त थारूको हकहितको लागि केहि गर्ने रहेछ । डेरामा बस्न नसक्या  डेरामा पाँच सय सात  सय लिन्थे त्यतिबेलामा  अनि यहाँ  पचास रुपैया empower सय रुपैयाँ मा बस्थे । एउटा कोठामा भनेपछि यसले केही त गरेछ नि । हाम्रो लागि थारूको लागि केही त

गरेछ  यसमा जानुपर्छ भन्ने चाहिँ थियो । हैन सर ?  अनि यो यसमा जान पनि मैले के खोजिरहेको थिएँ । यसमा जाँदा मलाई के हुन्छ भनेर मैले विधान खोजि रहेको थिए । अनि विधान खोज्दा खोज्दा यसको के रहेछ concept यसले के के गरेछ भनेर मैले खोजी रहेको थिए विधान  त्यतिबेला विधान थिएन यिनीहरूको क्या हो हैन ?  ओल्ड जेनेरेसन  थियो कि के थियो अब विधान धेरै पहिला बनाएको त्यो केन्द्रमा रहन्छ भन्यो। केन्द्रमा रहन्छ भनेपछि ए यत्रो संस्था चलाउने हो बिना विधानको नपाए त के गर्ने हो मैले भने । पछि मलाई फेरि कहाँ कहाँबाट खोजेर दिनु भयो हैन ? त्यो पढ्न नपाउँदै फेरि एउटा साथीले मलाई  दिनु न म पनि पढ्छु भन्यो । ल लैजाउ न त मैले अलिकति हेर्या छु भनेर गए । त्यसपछि गैसकेपछि त्यहाँ म गए यति थाहा पाएपछि कति दिन पछि यसको गठन हुने रहेछ धेरै वर्ष भएको छैन सर  दुई तिन बर्ष भयो होला म त्यहाँ गएको पनि दुई वर्ष हो कि तीन वर्ष त उसको कार्यकाल हो । दुई बर्ष भयो होला। त्यहाँ गएपछि मलाईपनि बोलाए । थारु अगुवा नेताहरुले थरुनी होइन थारु छोरा मान्छेले बोलाए । जेन्सले बोलाए । लेडिजले बोलाएन किनभने । लेडीजहरु त्यहाँ छँदैछैन त कसले  बोलाउछ ? लेडिज त नेतृत्व तहमा छँदैछैन । अनि छोरा मान्छेहरुले बोलाए अनि म गएँ । अनि त्यहाँ त्यसपछि  सदस्य बन्नु पर्यो भने सदस्य चाहिँ  होइन म त्यहाँ कोषध्यक्ष चाहिँ हो । सदस्य बन्नु पर्यो भने अनि सदस्य किन ? म अध्यक्ष नै बन्छु भने । सदस्य बन्ने भए मलाई किन बोला म अध्यक्ष  बन्नलाई  पो आको हो । भने मैले तिनीहरूलाई अनि तिनीहरूले मलाई के भने नाई तो त नाईसेख् भो भन्न थाले अब नसकेपछि त्यतिबेला कस्तो पनि भयो सर अनि  समर्थन जुटाउन पनि म नयाँ थिए त्यो ठाउँको लागि तपाईलाई ह भन्दिने मान्छे पनि भईदिनु पर्यो नि सदस्यमा त  अँ भन्ने सबै छन् । अध्यक्षमा भन्ने छैनन् भने अनि त्यसपछि समर्थन जुटाउन पर्ने म नयाँ थिए  त्यो ठाउँको लागि तपाईलाई हँ भन्दिने मान्छे पनि भईदिनु पर्यो नि। सदस्यमा  यहाँ हुन्छ भन्ने सबै छन् । अध्यक्षमा भन्ने छैनन् भने त्यसपछि ल म सचिव  बन्छु भने अनि  सचिव कृष्णले म बन्छु म विद्यार्थी हो मलाई लेख्न मन पर्छ भनिन  तपाईं पैसा राख्ने हो भने पैसा राख्नु न रे तर आए आजसम्म पैसा चाहिँ राखेको छैन  है सर त्यस्तो नसोच्नु होला । कोषाध्यक्ष बन्नु भनिन् । अनि म त्यहाँको कोषध्यक्ष । एक त यसले थारुका हकहितमा काम गर्दोरहेछ  मैले एकदुईवटा देखेको छु हैन ? थारु धर्मसंस्कृतिलाई बचाउँछ बीचबीचमा साकिय नाच देखाउँछ।  अब हामीलाई सकिया नाच त लोप हुन लागिसक्यो नि । तिनीहरुलाई चाहिँ तेले उ गरेछ जस्तै अस्टिम के भन्छन् बुरहि पर्व भन्छन्। बुरही पर्व अब कति यही साउनको त्यतिबेला नै उसले  गर्छ कार्यक्रम गर्छ नत्र अब थारु समुदायमा धेरै  संस्कृति ग्रहण भइसकेको छ । हाम्रो समुदयमा तिज त मान्दैन नि तर अब भइसकेछ आफ्नै धर्म सबै मान्ने त थियो जति पनि हुन्थ्यो हैन ? तर त्यति छैन अब त्यो ।

अनि त्यो यो जुन पर संस्कृतिलाई चाहिँ आफूले  अपनाउने जुन एउटा प्रकृति प्रक्रिया देखिरहनुभएको छ नि तपाईंले बच्चैदेखि देखिरहनुभएको छ कि अहिले आएर अचानक देख्नुभएको छ ?

अचानक हैन सर मैले त्यो बच्चैदेखि त्योचाहिँ बचाउनुपर्छ मलाई पहिले देखि आजसम्म मेरो छोराले शुद्ध नेपाली  बोल्न जान्दैन सर । म त  त्यो सामुदायमा हुर्केर  मलाई नेवारी पनि बोल्न आउँथ्यो त्यतिबेला । अबता धेरै वर्ष भइसक्यो मेरो पनि नेवार साथीहरु थिए । सबै नेवार पनि बोल्न आउँथ्यो

त्यतिवेला मलाई । अब बिर्से ल । म छोरोलाई कहिले पनि नेपाली भाषा सिकाउँदैन मेरा धेरै साथीहरु अरे अझ तँ त यस्तरी कुरा गर्छस् नेपाली तेरो छोरोलाई आउँदैन भन्छन् । मैले सिकाए पो आउँछ । स्कुलमा जान्छ अब स्कुलमा कति सिक्यो । यहीँ नेर स्कूल थियो त्यहाँ पनि थारु बोल्दारहेछन् । अनि उसले आजसम्म शुद्ध नेपाली जानेको छैन उसले । मचाहिँ आफ्नो भाषा संस्कृतिको बचाउ नै गर्नुपर्छ भन्ने जस्तो लागिरहेको छ ।

तपाईंले देख्दै आए राख्नुभएको छ पर संस्कृतिलाई चाहिँ जुन आत्मसाथ गर्न खोज्ने एउटा त्यो एउटा प्रकृति हैन ? छ भन्ने लाग्छ किनभने हामीले पनि थुप्रै छलफलहरु गर्दा हामीले थुप्रै फोटोहरु । जुन हामीले चाहिँ बटुल्यो यो क्रममा त्यसमा पनि एकदमै धेरै चाहिं भनौं न अब हिन्दुधर्म हैन ? मूलतः हिन्दुधर्म सित चाहिँ निकट हुनुपर्ने आवश्यकता जस्तो देखिएको त्यस्तो थियो । त त्यो सही हो ? अथवा त्यो चाहिँ होइन होला कस्तो के जस्तो लाग्छ तपाईलाई ?

अब यो नेपाल बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक भन्छ । तपाइँको र मेरो एउटै हुनुपर्ने जरुरी त छैन । संविधानमै भनिएछ । बहुसाँस्कृतिक बहुभाषिक आफ्नो-आफ्नो कल्चर सबैले मान्न पाउनुपर्छ नि । तर नेपालभित्र हामीले उसको संस्कृतिलाई त नामना पनि भनिएको छैन नि त । जसलाई इच्छा लाग्छ उसले मान्छ पनि हैन त्यो थारुले मान्छ भनेर उसलाई कारबाही त गरेको छैन । तर उसले मान्छ उसको इच्छाले मान्छ भने मानोस् तर चाहिँ आफ्नो संस्कृति पनि मानोस् भनेको अर्काको उसलाई इच्छा लाग्छ भने हिन्दु धर्म अन्तर्गतका जेजे पर्छन् तिज, तिहार जे जे हुन्छ त्यो मानोस् हैन तर आफ्नो पनि नबिर्सियोस् भर्ने हो के सर। उसको इच्छा छ भने उसको मनले मान्छ भने गर्दा हुन्छ नि त ।

अब अहिले जुन Over all larger जुन राजनीतिक पृष्ठभूमिमा मैले भने नि त अघि हैन ? तपाईले केही आवश्यक देख्नुहुन्छ ? के फलहरु देख्नुहुन्छ ?

त्यो सर त्यस्तो ?

केही कमिकमजोरीहरु जसमा चाहे अहिले भनौं न थारु कल्याणकारी सभा अथवा अरु विभिन्न जुन थरुहट थारुवानका चाहिँ कुराहरु भए रहेका छन् । त्यसकालागि चाहिँ के कुराहरु देख्नुहुन्छ तपाईंले ?

त्यो भन्छन् नि सर अब नेताहरु यहाँ आयो भने म तिम्रो लागि यो गर्छु थारुहरुका लागि यो गर्छु त्यो गर्छु भन्छन् जब हामीले ल यिनले हाम्रो लागि केही गर्छन् भनेर सबै थारुहरुले भोट दिएर पठाउछन् अनि दोस्रोपटक भन्न गयो भने तिमीहरु तिमीले त यो गर्छु त्यो गर्छु भन्ने हैन ? खै गर्या ? भन्दाखेरी एउटै उत्तर आउने गर्छ । मेरो समर्थन जुड्दैन । मेरो नेतृत्वतहमा कोही पनि छैन । म एक्लै हुन्छु । बहुमत भएपछिमात्र पारित हुन्छ । तपाई एउटा सामान्य कसैको सदस्य हुनुभयो भने मेरो बहुमत पुगेन । मैले गर्न सकिन भन्नुहुन्छ । त्यस्तै हाम्रो पनि त्यहाँ हुन्छ म एक्लै हुन्छु त्यहाँ २७५ जनामा दशजना भन्छौं त्यसले पुग्दैन। अनि हामीले तपाइँको काम कसरी गर्ने ? भन्छन । भनेपछि त्यो त बिकृति हो नि त। हामीले तिनलाई त हाम्रो काम गर्छन् भनेर पो दियको हो empower को लागि सबैले। जति थारुले भोट दियो नि । जति थारु जसले दिएपनि भोट त दिए तर अरु गैर थारुलाई पनि त

भोट दियो नि त त्यहाँ गएपछि हाम्रो पनि समर्थन पुग्दैनन् अचम्म लाग्छ यी थारुका मुद्दाहरू गर्नको लागि त्यहाँ समर्थन पुग्दैन । अनि अर्कोको लागि चाहिँ मजाले पुग्दा रहेछ त त्यहाँ त्यस्तो हुन्छ त्यो चाहिँ अलिकति बिकृति अब थारुवानकै मोर्चा अन्तर्गत बनाएर जान्छ हामीले यस्तो गर्छौं उस्तो गर्छौं । सब गरिसकेपछि अनि खै त गरको भनेपछि बन बे नाईकरल भन्दिन्छन् । अब के गर्न जाने ? तिनीहरूलाई लड्न भएन , गाली गर्न भएन, बन्दैन त बन्दैन त्यस्तो हुन्छ त्यो चाहिँ एकदमै विकृति हो के हामी आम नागरिकले त्यति विश्वास गरेर पठाएको बहत्तरको संविधान लेखाउँदा खेरी पनि यस्तो बहत्तरमा भन्दा पनि त्योभन्दा अगाडि नै बन्यो । बहत्तरमा संविधान बन्यो चौवात्तर मा स्थानीय तहको बन्यो । त्यतिबेला पनि के गर्छ के गर्छ कसैले केहि गरेन नि त थारुवान दिन्छौं कसलाई के दिन्छौं तिमीलाई यो दिन्छौं। कसैलाई केही भएको रहेनछ नि छ त सर केही पनि भएन त त्यस्तो भएको हो ।

अब अहिलेचाहिँ तपाईंको हिसाबले हैन हातले गरेर एक दुई तीन भनेर मुख्य मुख्य मुद्दाहरू हैन ? जसको लागि थरुहट-थारुवान हैन अरु लगायत विभिन्न मोर्चाहरु अहिले पनि क्रियाशिल हुनुहुन्छ अथवा सामान्यरूपमा बुझौं थारु आन्दोलन अझै पनि जीवित छ हैन ? त्यसमा चाहिँ के मुद्दाहरु तपाईंले आफ्नो angle र आफ्नो जीवन आफुले जसरी बाँचेर आफ्नो जुन दिनचर्यामा देख्नि भएका छन् ती चाहिँ कुन कुन कुराहरु चाहिँ अहिले पनि सबैभन्दा महत्त्वपूर्ण विषयहरू हुन् त आज का दिन सम्म आइपुग्दा ।

जस्तै सर यो आयोगहरु हुन्छ नि ति आयोगहरुमा जस्तै जनजाति कोटा भनेर २७% छुटाइएको छ भने त्यो २७% अन्तर्गत थारुहरु त कोही पनि पर्दैन नि सर त्यो त सबभन्दा हुनुपर्ने कुराहो नि त । थारु कहिले जागिर खाओस् त ? थारुले प्रशासन कहिले चलाउन नपाउने हो त ? अब आजकल भरखर पढ्ने वाला छन् तिनीहरुलाई कोटा छुट्याएको छ थारु बाहेक पनि छन थारु कोटा त छैन नि। जनजाति अन्तर्गत ५९ जनजाति पर्छन् नि नेपालमा भनेपछि ती अन्तर्गतका जो त्यो पहुँचमा छ नि तिनीहरूले मात्र पाउँछन् । त्यो कोटा जसले पाउनु पर्ने हो उसले पाउँदैन थारुले पाउनुपर्ने हो नि त; थारु पिछडिएको जात हो, अर्काको काम गरेको जात हो यिनलाई राज्यको मूलधारमा ल्याउनुपर्छ यिनलाई अलिकति empower गर्नुपर्छ empower कति वेला हुन्छ ? यसरी घर बसेर त हुँदैन जब उसले प्रशासन देख्छ; प्रशासनमा तिनीहरु कोही पनि छैन, अनि तिनीहरू कसरी हुने ? अब यो कोटाका कुराहरु पनि छैन थारु कोटा हुनु चाहिँ अलि उपयुक्त हुन्छ । थारुलाई चाहिँ कोटा थारु जात जनजाती यिनीहरु कति जात पर्छन् कति जात पर्छन् ५९ जात परिरहेका छन् अहिले अब त थारु अगाडी सार्ने हो कि नसार्ने हो जस्तो लाग्छ त्यो छँदैछैन । अनि त्यो कोटाअनुसार पहिलेदेखि परेको भए राज्यको मुलधारमा तिनीहरूले ल्याउँथे । मेरो छोराछोरीलाई पनि पढाउनु पर्छ मेरो छोरीलाई पनि यिनलाई सिकाउनुपर्छ यो सिकाउनुपर्छ त्यो थाहै थिएन अब अलिक नयाँ generation मा अलिक पाएपछि कोटामा परिन्छ कि भनेर कोटा अन्त गइहाल्छ त्यस्तो हुन्छ सर ।

अब के छ अस्ति भर्खरैको स्थानीयसभा स्थानीय स्तर हैन ? त्यस पछाडी गएर प्रदेश स्तरको चाहिँ चुनावहरु भयो त्यो चुनावहरुमा चाहिँ विभिन्न तप्कामा विभिन्न चाहिँ हिसाबले चाहिँ अब केरे थारु

उहरु पनि अगाडि बढ्नु  भो उहाँहरु जानुभो तपाईहरुले पनि उहाँहरुलाई समर्थन गर्नुभो त्यसको केहि तपाईलाई सम्भना छ त्यो दिनहरूको Registration गरेको होला उहाँहरुले election मा दर्ता गर्नुभा थियो होला कस्तो रह्यो त्यो क्षण तपाईंहरूको लागि त्यो क्षण तपाईको लागि महत्वपूर्ण थियो जस्तो लाग्छ कि ? अथवा त्यो के सम्भना छ तपाईंलाई ?

यो भयो नि सर स्थानीय तहको चुनाव त्यसमा कुनै महिला वडा अध्यक्ष कसैलाई टिकट दिएन यो नगरपालिकामा एक देखि टिकापुर नगर एक देखि नौ वटा छन् । त्यसमा थारु महिला नाई थारु महिलाको त कुरै छोडिद्नु overall  महिला कसैलाई पनि वडा अध्यक्षको टिकट लेउ भनेर  कसैले दिएन माग्न जाँदा के भने तिमीले गर्न सक्दैनौं भने अनि अर्को कुरा मेयरका कुरा त तिनीहरूले कहिल्यै दिएनन् अब संविधानमा प्रावधान छ मेयर  पुरुष भए उप  मेयर महिला हुनुपर्ने त्यो संविधानका कुरा कार्यन्वयन गर्ने हो कि नगर्ने हो गर्नका लागि  तिनीहरूले उपमेयर चाहिँ दिए थें उपमेयर लाई चाहिँ ल टिकट महिलाले पाउनु पर्छ भन्नेथ्यो । त्यो पनि हुने थिएन त्यो प्रावधान भएको हुनाले मात्र हो हेर्नुहुन्छ भने महिलाहरु जति थियो नि सर त्यो एक वडामा पाँच जान त्यो मा सधैँ पुरुष सदस्य छ महिला कोटामा मात्र महिला छ । छैन एउटा के भनेको थियो दलित महिला  अनिबार्य हुनुपर्ने एउटा महिला अनिवार्य हुनुपर्ने भनेर दुई ठाउँमा अनिबार्य कोटामा मात्र महिलालाई ठाउँ दिएको छ तर अरु थप ठाउँमा दिएको छैन के जस्तै दुइटा महिला अनिवार्य चाहिएको थियो दुइटा  बाहेक कुनै वडामा  गएर हेर्नुहोस् तीनवटा महिला छैनन् होला । मेरो सम्भनामा अभ्र भन्नुहुन्छ भने यो ७५३ वटा स्थानीय तह छ नि ?  त्यसमा नौ वटामात्र महिला मेयरको प्रतिनिधित्व छ ।  अरु ७५३ मा  १ २ ३ औंलाको गन्तीमा पनि पुगेन् सर त्यो त त्यो नौ वटा स्थानीय तहमा मात्र महिलाहरूले प्रतिनिधित्व गरेकाछन् नगर नगरपालिका गाउँपालिका  हाँकेका छन् नत्र सबैमा उपमेयरको संख्यामा भाछन् त्यो छैन सर त्यस्तो महिलालाई नै अब संविधानमा जे भएपनि ३३ % भन्छन् ५० % भन्छन् त्यो कार्यान्वयन नै छैन

भनेपछि थारुहरु कसैले पनि सिट पाएन यहाँ ?

थारु महिलाले ? जुन सीट पाछन धेरैले  पाछन् भन्नाले सदस्यमा मात्र पाएका छन् सदस्यको काम भनेको अध्यक्षले गरेको कामलाई हँ भन्ने मात्र त होला नि सर ! अध्यक्ष कुरा टार्न पाइँन्न । यसो गर भान्दा होइन यसो गर्नुपर्छ भन्दा अँ  भन्नै पर्यो नत्र त्यहाँ विवाद हुन्छ कति दिन बोलचालै बन्द हुन्छ त्यो समस्या हुन्छ नि ।

अनि प्रदेशसभाको चुनावमा चाहिँ के भयो त ?

प्रदेशसभामा पनि महिलाले टिकटै पाएन ।  कतिले पनि पाएनन् ।

टिकट को मात्र कुरा थियो कि अथवा जुन पार्टीहरुको अगाडि बढ्या थिए  उनीहरुले चाहिँ तपाईले चाहिँ जुन प्राथमिकतामा देख्नुभएको मुद्दाहरु थिए नि त तिनलाई चाहिँ उत्थान गरेका थिए कि ?

उत्थान गरेका थिए सर उत्थान गरेको सकिसकेका कार्यकालले केही पनि गर्या थिएन त अब कति रह्यो र छ महिना नगरको रह्यो पालिका स्तरको रह्यो एक वर्ष तिनीहरूको रह्यो  केही पनि गर्या छैन । अब अन्तिममा गर्छ भने पनि छैन यत्रो दिन नगरेर अहिले गर्छु भनेर त्यो पनि केही पनि गरेको छैन । तिनीहरूले भने महिलाहरुलाई यो गरिनेछ महिलाहरुलाई आरक्षण कोटा छुट्याइने छ  यति प्रतिशत दिने उत्ति प्रतिशत खई त केही पनि छैन घोषणापछि प्रा मैले अहिले  देखिन र नत्र म त्यो घोषणापत्रमा पनि मैले तिमी यो कुर कैले गर्यो भनेर देखाउँने  वाला देखाउने वाला छु कुनैदिन भेट भएछ भने हाम्रो यी नेताहरुलाई कहिले गर्यो ? कहिले गर्नेछौ ? मैले कतै राखेको छु यता कतै कोचारिएको हुनुपर्छ । मैले राख्या हुन्छु हैन ? यो गर्छु भनेर तिनीहरूले त हामीलाई भन्न आ हुन् त नि यो कतिबेला गर्ने हो भनेर सम्झाउँछु पनि समय समयमा । यो कतिबेला गर्ने हो तपाईहरुले भनेर त्यो तर छैन सर महिलाको समानुपातिकमा महिलाहरुलाई त टिकट दिनै मिल्दैन पहिला सुरु एउटा उमा वादि हुनुहुन्छ उमा दिदिलाई समानुपातिकबाट देछन् समानुपातिकबाट अहिले  प्रदेशको सांसद हुनुहुन्छ हैन ? महिलाले टिकट नपाएर त समानुपातिकमा जानुपरेको अवस्थाहो नि  पाएको भए  उ लड्थे मजाले लड्थेँ त्यो भको हो।

ल अब केही अरु कुरा भन्न मन छ तपाईलाई त्यही थप्न मन छ ? छैन ?

थप्ने जस्तो त छैन सर ।

हो ? लागेन  ?

हजुर लागेन मैले सबै भने आए जति भने जान्या जति भने र मनमा लागेका कुरा तर एउटा कुरा चाहिँ अझ भन्न मन लाग्यो । यो महिलाहरुलाई विशेष उ गरेर नि थारूहरूको आर्थिक अवस्था प्रायः सबैको कमजोर छ । एउटाको भइन बरु औंलामा गर्नेलाई दुईचारवटा  होलान् सबैको कमजोर छ तिनीहरूले छोराछोरीलाई कति अस्तिसम्म त बहत्तर छयत्तर र सत्तत्तर सम्म चाहिँ आठ सम्म पुरै फिस थियो स्कुलको एक देखि दश सम्मै फि थियो अहिले अठत्तरमा आएर एक देखि आठ सम्म फि नलाग्ने भन्छन् स्कुलमा त्योभन्दा अगाडि पनि नेपाल सरकारले त स्कुल तहमा फि नलिनु भनेर उहिले भनिसकेका थियो नि तर पनि लिने गर्थे । लिने पनि लिने गर्थ्यो बोर्डिङको भन्दा अलिकति कम त्योभन्दा त बोडिङमै पढाएको जाति भन्थेँ  हैन स्कुलमा जब एसएलसी पास गर्छ नि उसले व्यवसायिक शिक्षा प्राविधिक शिक्षा कुनै महिलाले पनि हाम्रो थारु समुदायमा त्यति लगानी गर्दैनन् अब पैसा नै हुन त अब कहाँबाट लगानी गर्छन ? यि कुराहरु चाहीँ अब कस्ले हुन्छ संस्थाले गरेर हुन्छ कि नगरपालिकालाई धेरैपटक भन्छौं हामी हाम्रो बच्चाहरुलाई यस्तो गर्दिनु पर्यो  पढाइ दिनु पर्यो भनेर तर यो गर्दिएको भए अझ महिलाहरु अगाडि  बढ्थ्यो के अब त्यहाँ रोजिन्छ तैपनि खै कस्तालाई रोजिन्छ Criteria हुन्छकी यसो हेर्दा घरबार राम्रै देखिन्छ यति हो महिलालाई चाहिं विशेष सबैकुराको जड भनेको शिक्षामा गएर ठोक्किन्छ शिक्षा दिएर  सशक्तिकरण गर्यो भनी हुन्छभने हुन्छ पैसा दिएर कति दिन चल्छ । एकदिन खर्च गर्यो भने अर्को दिन सकिन्छ ? त्यही भएर महिलालाई शिक्षा  चाहिँ दिनुपर्छ । राम्रो शिक्षा दिनु पर्यो व्यवहारिक शिक्षा दिनुपर्यो उसले घर पनि चलाउन भोलि जागिर खायो भने

अफिस पनि चलाउन जान्नु पर्यो । भोलि खेतमा काम गर्यो  दालभात उमार्यो तरकारी बेच्न उसले त्यो पनि जानुपर्यो त्यस्तो चाहिँ हुनुपर्यो महिलालाई त्यति हो भन्नु ।

हस्  जनक जी धेरै धेरै धन्यवाद ।

तपाईलाई पनि धन्यवाद है मनका कुरा भन्न दिनुभयो हैन यस्तो छ अवस्था भनेर तपाईलाई पनि धेरै धेरै धन्यवाद ।

समाप्त

LOOM